


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १९० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन ८ गते शुक्रबार ❑ 23 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## माओवादी केन्द्रको थप तीन जना मन्त्रीमा सिफारिस

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ साउन**

गण्डकी प्रदेशका मन्त्रालयको टुंगो लगाएसंगै अब छिट्टै मन्त्री मण्डल विस्तार हुने भएको छ।

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको निवासमा बिहीबार साँझ बसेको कांग्रेस, माओबादी केन्द्रको बैठकले मन्त्रालय बाडफाँडको बिषय टुंगाएसंगै अब मन्त्रालय समेत विस्तार हुने भएको प्रदेश सरकारका प्रंवक्ता कुमार खड्काले बताए।

कांग्रेस र माओबादीलाई थप ३/३ मन्त्रालय दिने सहमती भएसंगै अब मन्त्रीमण्डल विस्तार हुने भएको उनले जनाए। माओबादी दलका उपनेता रामजी प्रसाद बराल (जीवन) को नेतृत्वमा सरकारमा सहभागी हुने गरी माओबादीलाई अर्थ मन्त्रालय सहित थप तीन मन्त्रालय टुंगाएसंगै मन्त्रालय विस्तार हुने भएको हो। दलका उपनेता बराल अर्थ मन्त्रालय सम्हाल्ने गरी बागलुङका चन्द्रबहादुर बुढा र स्याङ्जाका दीपक चर्तीमगर मन्त्री बन्ने गरी सिफारिस गरिएको श्रोतको दाबी छ।

माओबादीबाट यसअघि नै मधुमाया अधिकारी जनसख्या तथा स्वास्थ्य मन्त्री बनिसकेकी छिन्। आफुहरु सहमती गरेर विहिबार नै मन्त्रालयहरु टुंगाएको कारण सम्भवत शुक्रबार सफत ग्रहण हुने भएको दलका उपनेता बरालले बताए। माओबादीले बुढालाई भूमि व्यबस्था, कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालय र मगरलाई वन वातावरण तथा भूसंरक्षण मन्त्रीमा सिफारिस गरिएको हो।

कांग्रेसको तर्फबाट भने स्याङ्जाका मेखलाल श्रेष्ठ, तनहुँका दोबाटे विश्वकर्मा र बागलुङका मणिभद्र शर्मा मन्त्री बन्ने सम्भावना रहेको श्रोतको दाबी छ। कांग्रेसको भागमा भने भौतिक पूर्वाधार मन्त्रालय, पर्यटन उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्रालय, शिक्षा संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक मन्त्रालय र कानून संचार तथा प्रदेशसभा मामिला मन्त्रालय परेको छ। सामाजिक मन्त्रालयको जिम्मा सम्हालेका कुमार खड्काले अब भने भौतिक पूर्वाधार मन्त्रालय सम्हाल्ने भएका छन भने अन्य मन्त्रालयको बाडफाँड कांग्रेसले टुंगाउने भएको श्रोतको भनाई रहेको छ।

११ जिल्लाबाट ६० सांसद रहेको गण्डीमा प्रदेशमा १२ जना मन्त्री बनाउन सकिने प्रावधान रहेको छ। यसअघि नेकपा एमाले पृथ्वीसुब्बा गुरुङ नेतृत्वलेको सरकारले ७ बाट फुटाएर ११ मन्त्रालय बनाएको थियो। जनता समाजवादी पार्टी (जसपा) लाई एउटा मात्रै मन्त्रालय दिए पनि उनीहरुले पुनः अर्को मन्त्रालय माग गर्दै आएका छन्। यद्यपी जसपलाई विहिबारको बैठकमा वोलाइएको थिएन्। जसपा की सांसद धनमाया लामा पोखरेललाई समेत एउटा मन्त्रालयको जिम्मा पाउनु पर्ने ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्री हरिशरण आचार्यले माग गरेका छन्। उनले भने "हामी विशोस्त भएका छौं, हामीलाई दुई वटा मन्त्रालय माग गरेका हौ त्यो कान्वयन हुन्छ।"

यसअघिको सहमति अनुसार कांग्रेस र माओवादी ४/४, जसपा २ र स्वतन्त्र सांसद दीपक मनाङेलाई एउटा मन्त्रालय दिने सहमति भएको श्रोतको दाबी छ। राजीव गुरुङ (दीपक मनाङे) ले युवा ताथ खेलकुद मन्त्रालय सम्हालेका छन्। मनाङगे छोटो समयमै तेश्रो पटक मन्त्री बनेका हुन्। कांग्रेसका कुमार खड्का शिक्षा, संस्कृति, विज्ञान प्रतिवधि तथा सामाजिक विकास मन्त्री र माओवादी केन्द्रकी मधुमाया अधिकारी गुरुङ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्हाल्दै आएका छन्। भौतिक पूर्वाधार मन्त्रालयमा माओबादी र कांग्रेसको दाबी परे पछि मन्त्रालय बाडफाँडमा ढिलाई भएको श्रोतको दाबी छ। नयाँ सरकार गठन भएको करिब एक महिना भन्दा पनि लामो समय पछि पुनः मन्त्रीमण्डल विस्तार हुने भएको हो।

## मुख्यमन्त्री पोखरेलद्वारा संक्रामक रोग अस्पताल निरीक्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ साउन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेशवासीको स्वास्थ्यका लागि सरकारले कुनै सम्झौता नगर्ने बताएका छन्। प्रदेश मातहतको संक्रामक तथा सरुवा रोग अस्पतालको निरीक्षणपछि बिहीबार उनले प्रदेशका नागरिकको स्वास्थ्यलाई प्राथमिकतमा राखेर सरकारले बजेट बनाएको बताए।




कोभिड नियन्त्रण र रोकथाममा स्वास्थ्यकर्मीले खेलेको भूमिको उच्च मूल्यांकन गर्दै उनले प्रोत्साहन रकम नपाएका स्वास्थ्यकर्मीलाई संघले नदिए प्रदेशले उपलब्ध गराउने प्रतिबद्धता जनाए। अहिले स्वास्थ्य क्षेत्रमा देखिएको जनशक्ति अभावको समस्या समाधानका लागि प्रदेश सरकारले अध्ययन थालेको भन्दै उनले थप सुविधा दिएर भए पनि विशेषज्ञ चिकित्सक उपलब्ध गराइने बताए। मुख्यमन्त्री पोखरेलले आइसोलेसनमा रहेका बिरामीसँग टेलिफोन सम्पर्क गरी स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिएका थिए। स्वास्थ्य तथा जनसंख्या मन्त्री मधुमाया अधिकारी गुरुङले गण्डकी सरकारको सम्पति संक्रामक तथा सरुवा रोग अस्पताललाई मुलुकभरकै नमुना बनाउने प्रतिबद्धता जनाइन्।

गण्डकीका प्रमुख सचिव डा. दामोदर रेग्मीले कमजोर आर्थिक अवस्था भएको हाम्रो मुलुकले कोरोना नियन्त्रण र रोकथामका लागि गरेको काम अनुकरणीय भएको बताए। उनले भने, 'स्वास्थ्यकर्मीको समर्पणका कारण यो सम्भव भएको हो, उपचारभन्दा पनि व्यवहारका कारण रोग निको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## प्रदेश योजना आयोगमा माया तिम्सिना

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ साउन**

गण्डकी प्रदेश नीति तथा योजना आयोग सदस्यमा माया तिम्सिना नियुक्त भएकी छन्। तिमिल्सिनाको नियुक्तिसँगै आयोगले पूर्णता पाएको छ।

नवनियुक्त सदस्य तिमिल्सिनालाई मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको उपस्थितिमा आयोग उपाध्यक्ष डा. रघुराज काफ्लेले पद तथा गोपनीयताको सपथ गराए। उक्त अवसरमा मन्त्रीहरु कुमार खड्का, हरिशरण आचार्य, प्रदेश सभा सदस्य ओमकला मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार खड्गबहादुर कमाल, प्रमुख सचिव डा.दामोदर रेग्मी सहभागी थिए।




सपथपछि मुख्यमन्त्री पोखरेलले प्रदेशको समृद्धिका लागि अनुभव प्रयोग गर्न आग्रह गरे। संघ तथा प्रदेशका पञ्चवर्षीय योजना कार्यान्वयन, दीगो विकासका लक्ष्य प्राप्तिका साथै रोजगारी सिर्जना हुने गरी आयोगले काम गर्नुपर्ने उनको भनाइ थियो।

पोखरा- ३३, भोटेपोखरीकी तिम्सिनाले अर्थशास्त्रमा त्रिभुवन विश्वविद्यालयबाट एमफिल गरेकी छन्। जनसांख्यिक अर्थशास्त्र, कृषि, खाद्य सुरक्षा, सार्वजनिक खर्च प्रणाली, वित्तीय संघीयता, रोजगारी र आम्दानीको वितरण लगायत विषयको अनुसन्धानमा उनको विशेष रुचि छ। उनीसँग त्रिभुवन विश्वविद्यालय मातहतको रत्नज्योति कलेज, काठमाडौंमा अध्यापन गरेको अनुभव छ। सपथपछि उनले प्रदेश सरकारको गरिमा थप उँचो पार्नेगरी काम गर्ने प्रतिबद्धताजनाइन्।पोखरेलसरकारले यसअघि उपाध्यक्ष र सदस्यमा क्रमशः डा. रघुराज वाग्ले र डा. सुवाश अधिकारी नियुक्त भइसकेका छन्।

## बैंकिङ सिष्टम ह्याक प्रकरण, नेपाल राष्ट्र बैंक भन्छ– डराउनुपर्दैन

**रासस**
**काठमाडौं, ७ साउन**

नेपाल राष्ट्र बैंकसहित १५ बैंकका बैंकिङ सिष्टम ह्याक गर्ने चेतावनी आएको छ।

बुधबार साँझ राष्ट्र बैंकका प्रवक्ता, सहप्रवक्ता तथा विभिन्न बैंकका उच्च अधिकारीलाई चेतावनीपूर्ण इमेल आएको बताइएको छ।

बुधबार साँझ इमेल आए तापनि बिहीबार बिहानै सिष्टम ह्याक गरी रकम निकाल्ने म्यासेज आएको राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागका प्रमुख एवं प्रवक्ता देवकुमार ढकालले जानकारी दिनुभयो।

उहाँका अनुसार आफूलाई ह्याकर बताउने समूहले राष्ट्र बैंकसहित १५ वाणिज्य बैंकको सिस्टम ह्याक गरी रकम निकाल्ने म्यासेज भाइबर र म्यासेन्जरमा प्राप्त भएको थियो। "मलाई भाइबर र म्यासेन्जरमा यस्तो म्यासेज प्राप्त भएको थियो, हामीले हाम्रो (नेपाल राष्ट्र बैंकको) र बैंकहरूको सिस्टम चेक गर्‍यौं, हाम्रो सिस्टम सुरक्षित छ, ह्याक भएको छैन, डराउनुपर्ने अवस्था छैन", उहाँले भन्नुभयो, "यो कार्य कानूनीरूपमा दण्डनीय हो, त्यसमाथि कारबाही हुन्छ।" उहाँका अनुसार इमेल र कल गर्ने व्यक्तिको विषयमा थप अनुसन्धान भइरहेको छ तर कसले त्यस्तो म्यासेज पठाएको भन्ने विषयमा हालसम्म केही खुलेको छैन। कसैले धम्क्याउने प्रयोजनका लागि पनि उक्त इमेल र फोन गरेको हुनसक्ने आशङ्का गरिएको बैंकका अधिकारीहरू बताउँछन्। ह्याकरले पठाएको भनिएको म्यासेजमा नेपाल राष्ट्र बैंक, कुमारी बैंक, नेपाल बैंक, नबिल बैंक, राष्ट्रिय वाणिज्य बैंक, माछापुच्छ्रे बैंक, एनएमबि बैंक, एनआइसी एशिया बैंक, बैंक अफ काठमाण्डू, सिटिजन्स बैंक इन्टरनेशनल, सानिमा बैंक, नेपाल एसबीआई, एभरेष्ट, नेपाल इन्भेष्टमेन्ट र हिमालय बैंकको नाम उल्लेख गरी ती बैंकको सिस्टम ह्याक गरेर रकम निकालिने बताइएको छ। साथै सो म्यासेजमा आफूले पठाएको सन्देशलाई हलुका रूपमा नलिन ह्याकरले चेतावनी पनि दिएको छ।

## सङ्क्रमणको तेस्रो लहर आउन सक्छ, सजग रहौँ : स्वास्थ्य मन्त्रालय

**रासस**
**काठमाडौं, ७ साउन**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरस सङ्क्रमणको तेस्रो लहर आउनसक्ने भएकाले सचेत रहन आग्रह गरेको छ।

मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले आज विज्ञप्ति जारी गर्दै निषेधाज्ञा खुकुलो भएसँगै सङ्क्रमण दर बढ्दो देखिएकाले तेस्रो लहर आउनसक्ने बताउनुभएको हो।

तेस्रो लहर आउनसक्ने भएकाले सबै स्वास्थ्य सङ्घसंस्थालाई अक्सिजन, शय्यालगायत पूर्वाधार तयारी अवस्थामा राख्न अनुरोध गरिएको छ। मन्त्रालयबाट तेस्रो लहर आएर भयाभह स्थिति नआओस् भन्नका लागि सबै स्वास्थ्य संस्थालाई तयारी अवस्थामा राख्न अनुरोध गरिएको अधिकारीले बताउनुभयो। "सबै अस्पताललाई अक्सिजन भर्न र शय्या तयारी अवस्थामा राख्न निर्देशन दिएका छौँ", उहाँले भन्नुभयो, "तेस्रो लहरले बालबालिकालाई बढी प्रभाव पार्ने भएकाले बालबालिकाका लागि सघन उपचारकक्ष (आइसीयू) र भेन्टिलेटर तयारी अवस्थामा राख्न भनेका छौँ।" नेपालमा गत चैत दोस्रो सातादेखि दोस्रो लहरको सङ्क्रमण छ। नेपालमा अहिलेसम्म सात लाख २४ हजार ४५५ व्यक्तिमा सङ्क्रमण पुष्टि भएको छ। यस्तै छ लाख ३६ हजार ४०२ व्यक्ति स्वास्थ्य लाभ गरी घर फर्किएका र नौ हजार ६३७ को सङ्क्रमणबाट निधन भइसकेको छ।


## सार्वजनिक सवारीमा भाडा समायोजनको माग

**रासस**
**काठमाडौं, ७ साउन**

मध्यम र छोटो दूरीका सवारी साधनमा भाडा समायोजन गरिनुपर्ने माग गर्दै यातायात व्यवसायी आन्दोलनमा उत्रिएका छन्।

चक्रपथका विभिन्न स्थानमा जम्मा भएर उनीहरूले सङ्घीय सरकारले लामो दूरीको सवारीसाधनमा भाडा समायोजन गरेकाले छोटो र मध्यम दूरीका सवारीसाधनमा पनि भाडा समायोजन गर्न माग गरेका हुन्। व्यवसायीहरूले सबै यातायात मजदूरलाई कोभिड विरुद्धको खोप लगाउने पनि माग गरेका छन्।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका महासचिव सरोज सिटौलाले सङ्घीय सरकारले भाडा समायोजन गरेकै आधारमा प्रदेश र स्थानीय तहले पनि समायोजन गर्नुपर्नेमा जोड दिए। यातायात व्यवस्था विभागले गत असार ३० गते दुई वा दुईभन्दा बढी प्रदेशमा चल्ने यात्रुबाहक सवारीसाधनमा २८ प्रतिशत, तराईमा चल्ने सवारीसानधमा २० प्रतिशत र पहाडमा चल्ने मालबाहक सवारीसाधनमा २६ प्रतिशतसम्म भाडा बढाएको थियो। विसं २०६५ मा पेट्रोलियम पदार्थ, सवारीसाधन र त्यसको पार्टपूर्जाका आधारमा सार्वजनिक सवारसाधनको भाडा निर्धारणसहित मापदण्ड तय गरिएको थियो। सो मापदण्डअनुसार पेट्रोलियम पदार्थको मूल्यलाई ३५ प्रतिशत र पार्टपूर्जालाई ६५ प्रतिशत आधार बनाइएको थियो। सोही आधारमा वार्षिकरूपमा भाडा समायोजन गरिनुपर्नेमा झण्डै नौ वर्षदेखि हुन नसकेको यातायात व्यवसायीको गुनासो छ। संविधानअनुसार यातायात क्षेत्रको व्यवस्थापनको जिम्मेवारी तीन तहमै बाँडिएको छ। स्थानीय तहभित्र गुड्नेको स्थानीय तह, प्रदेशभित्र गुड्नको प्रदेश सरकार र एकभन्दा बढी प्रदेशमा गुड्नेको व्यवस्थापन र नियमनको जिम्मेवारी सङ्घीय सरकारको हुने व्यवस्था छ।



# ९० प्रतिशत रोपाई सकियो

श्रीकृष्ण सिग्देल
स्याङ्जा, ७ साउन



झण्डै १८ हजार हेक्टर क्षेत्रफलमा धान रोपाई हुने स्याङ्जामा ९० प्रतिशत भु–भागमा रोपाई सकिएको छ । स्याङ्जाका मकै खेतबाहेक सबैमा रोपाई सकिएको जिल्ला कृषि ज्ञान केन्द्रले जनाएको हो ।

समयमै बर्षा भएका कारण साउनको पहिलो हप्ता १० प्रतिशत भु–भागमा रोपाई गर्न बाँकी रहेको ज्ञान केन्द्रका प्रमुख विनोद हमालले बताए । उनका अनुसार चापाकोट र गल्याङ्तर्फका करिब ७ प्रतिशत भू-भाग र आँधीखोला फेदिखोला र पुतलीबजारका करिब ३ प्रतिशत भू-भागमा मकै र चैते धान पाकिनसकेका कारण रोपाईं हुन बाँकी रहेको बताए । सिचाइँ पुगेका खेतमा जेठ महिनादेखि रोपाइँ सुरु भएको र अब एक हप्तामा जिल्लामा सबै भु–भागमा रोपाई सकिने हमालको भनाई छ ।

सिंचाईंका सुबिधा नपुगेका खेतमा पनि यसपटक नियमित आएको वर्षाले किसानलाई सहज बनाएको सुर्य अर्यालले बताए । स्याङ्जाका आँधीखोला किनार, कालीगण्डकी नदी किनार, ज्याग्दीखोला किनार, चापाकोट टार, रत्नपुर, कुवाकोट , गल्याङका क्षेत्र, सेतीदोभान फाँटहरु र बिरुवा फाँटहरु धानका उर्वर क्षेत्र हुन ।

यसैगरी, दहथुम, स्वरेक, खिलुङ, पुतलीबजार नगरपालिका वालिङ नगरपालिका, चापाकोट, रत्नपुर, मल्यांकोट, चिन्नेवास, सेतीदोभान, बिरुवा, बिर्घा, अर्जुनचौपारी, राङभाङ, तुलसीभन्ज्याङ, जगतभन्ज्याङ, गल्याङमा पनि धानको उत्पादन राम्रो हुन्छ । यसपटक जिल्लामा रामधान, सावित्री, सुनौलो सुगन्धा लगायतका उन्नत जात र हाइब्रीड धान रोपिएका छन् । अघिल्ला वर्षका तुलनामा यसबर्ष धान रोपाईंका क्षेत्र केही बढेको ज्ञान केन्द्रले दावी गरेको छ ।

कोरोनाका कारण घर फर्केका जनशक्ति अहिले कृषिमा जुटेका छन् । स्याङजामा गत बर्ष ५६ हजार मेट्रिक टन धान उत्पादन भएकोमा यसबर्ष ५८ देखि ५९ मेट्रिक टन उत्पादन बृद्धि हुने ज्ञान केन्द्रको अनुमान छ ।

# हिमालपारिको दुःख, ट्र्याक्टरमा खोप ढुवानी

रासस
बागलुङ, ७ साउन

हिमालपारिको जिल्ला मुस्ताङमा खोप ढुवानीमा समस्या हुने गरेको छ । वर्षायामसँगै बढेका नदी खहरेका कारण साना सवारीको आवागमन नै रोकिएपछि ट्र्याक्टरमा खोप ढुवानी गर्नुपरेको हो ।

गत असार २९ गते मुस्ताङको लोमान्थाङ गाउँपालिकाले ट्र्याक्टरमा ढुवानी गरेर ज्येष्ठ नागरिकका लागि दोस्रो मात्रा खोप लगाएको छ । भेरोसेल खोपको दोस्रो मात्रा लगाउन सदरमुकाम जोमसोमबाट लोमान्थाङ ढुवानी गर्न पाण्डाखोलाले असजिलो पारेको थियो । लोमान्थाङबाट जोमसोमका लागि पठाइएको एम्बुलेन्स कागबेनी नजिकै रहेको माण्डा खोलामा रोकिएपछि ट्र्याक्टरमा ढुवानी गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवराज भण्डारीले बताउनुभयो । "यहाँबाट गएको एम्बुलेन्स तर्न सकेन", भण्डारीले भन्नुभयो, "दुई दिन रोकिएर ट्र्याक्टरमा खोला तारेपछि एम्बुलेन्समा लोमान्थाङ ल्याइयो ।" कोरोना भाइरसविरुद्धको खोप सुरक्षाका लागि ट्र्याक्टरमा लिएर लोमान्थाङ गाउँपालिकाका स्वास्थ्य संयोजक तेन्जिङ नोर्बु गुरुङ आफैँ ट्र्याक्टरमा जानुभएको थियो ।

"माथिल्लो मुस्ताङमा समस्या छैन, कागबेनी आसपास हुँदै बग्ने खोलानालाले दुःख दिइरहेका छन्", भण्डारीले भन्नुभयो, "अनेक विकल्प गरी गाउँमा खोप पुर्‍याएका छौँ ।" खोलामा पुल नरहेको र वर्षा भइरहेकाले बाढी आउँदा साना सवारी आवतजावतमा समस्या भएको हो । यसअघि पनि मुस्ताङमा खोला बढेका कारण खोप तार्न कठिन भएपछि दाउराको सहायताले स्वास्थ्यकर्मीले खोप वारपार बनाएको तस्बिर 'भाइरल' भएको थियो । स्वास्थ्य निर्देशनालय पोखराले मुस्ताङका स्वास्थ्यकर्मीले ट्र्याक्टरमा खोप ढुवानी गरेको विषयलाई आफ्नो सामाजिक सञ्जालमा साझा गरेको छ । देशभर खोप अभियान चलिरहेका बेला ढुवानीको समस्याका कारण मुस्ताङमा तोकिएको दिनभन्दा एक दुईदिन तलमाथि पारेर खोप अभियान सञ्चालन हुने गरेको छ ।

## मुख्यमन्त्री...

भएको हो ।' अस्पतालका कार्यकारी निर्देशक डा. विकास गौचनले सिमित स्रोत र साधनका बीच पनि अस्पतालले छोटो अवधिमा उत्कृष्ट कार्यसम्पादन गरेको बताए ।

गत आर्थिक वर्षमा ८ सय २१ जना कोभिड बिरामीको उपचार गरेको जानकारी उनले गराए । आइसियु, एचडियु, आइसोलेसन, प्रयोगशाला सञ्चालन गरी बिरामीलाई सेवा दिएकामा अहिले अक्सिजन प्लान्ट पनि जडान भइसकेको उनले बताए । उनले अस्पतालमा ल्याब टेक्निससियन, रेडियोग्राफर, विशेषज्ञ चिकित्सक टिकाउन प्रदेश सरकारले विशेष व्यवस्था गर्न आग्रह गरे । अस्पताल सञ्चालक समिति अध्यक्ष मेजर रामप्रसाद गुरुङले महायज्ञबाट जग्गा प्राप्त गरी लायन्स अस्पताल सञ्चालन भएकामा अहिले प्रदेश सरकारको स्वामित्वमा गएको बताए । चैत ३, २०७६ मा प्रदेश सरकारले निर्णय गरी २०७७ साउन मा प्रदेश सरकारले स्वामित्व लिएको हो । २०७७ भदौ ३ मा अस्पतालमा नामकरण भएको हो ।

# गण्डकी सरकारले दियो प्रहरीलाई गाडी

पोखरापत्र संवाददाता
पोखरा, ७ साउन

गण्डकी प्रदेश सरकारले नेपाल प्रहरीलाई एउटा बस र चारवटा पिकअप भ्यान प्रदान गरेको छ । मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गण्डकी प्रदेश प्रहरी प्रमुख डिआइजी दिवेश लोहनीलाई बिहीबार पोखरामा आयोजित कार्यक्रममा गाडीका चाबी हस्तान्तरण गरे ।

प्रदेशको शान्ति सुरक्षा चुस्त पार्न र प्रहरीलाई साधनस्रोत सम्पन्न बनाउने अभियान अन्तर्गत प्रदेश सरकारले गाडी प्रदान गरेको हो । उक्त अवसरमा मुख्यमन्त्री पोखरलले सरकारको सफलता र असफलताको पहिलो शर्त नै शान्ति सुरक्षा र सुशासन रहेको बताए । उनले भने, 'यी दुई कुरामा सरकार निर्भर छ, यदि शान्ति सुरक्षा र सुशासन दिन सक्यौं भने समृद्धि प्राप्ति हुन्छ ।' यसका लागि प्रहरीले चुस्त दुरुस्त सेवा प्रदान गर्नुपर्ने उनको भनाइ थियो ।

प्रहरीको काँधमा ठूलो जिम्मेवारी रहे पनि त्यस अनुसारको स्रोत साधन उपलब्ध गराउन नसकिएको स्वीकार गर्दै प्रदेश सरकार यसमा सम्वेदनशील रहेको मुख्यमन्त्री पोखरेलले बताए । आफ्नो क्षमता अनुसार प्रदेशले प्रहरीलाई सहयोग गर्दै आएको र यसलाई निरन्तरन्ता दिने उनले जनाए । प्रहरी जति गतिशील रह्यो, उति नै शान्ति सुरक्षा महसुस हुने भएकाले गतिविधि बढाउन पनि उनले आग्रह गरे ।

प्रमुख सचिव डा. दामोदर रेग्मीले कर्मचारी र सुरक्षाकर्मीले प्रवाह गर्ने सेवामा सरकारको सफलता निर्भर हुने भएकाले त्यसै अनुसार अगाडि बढ्न आग्रह गरे । उनले भने, 'राजनीतिक संयन्त्रको सफलता कर्मचारीमा निर्भर हुन्छ ।' सुरक्षा संयन्त्रका लागि बजेट कम भयो भन्ने गुनासोको सम्बोधन गर्दै उनले यसबारेमा आफूले अर्थमन्त्रालयसँग समन्वय गर्ने बताए ।

कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालयका सचिव केदारनाथ शर्माले प्रहरीका भवन बनाउन, सवारी साधन उपलब्ध गराउन, खाट लगायत आवश्यक सामग्रीका लागि सरकारले लगानी गर्दै आएको बताए । प्रदेश प्रहरी तालिम केन्द्र, प्रहरी अस्पताल निर्माणका लागि रकम उपलब्ध गराएको उनले जानकारी गराए ।

प्रदेश प्रहरी प्रमुख डिआइजी दिवेश लोहनीले अपुग दरबन्दी, सिमित स्रोत साधनबीच पनि प्रहरीले कार्यसम्पादन गर्दै आएको बताए । प्रदेशभर ७ हजार ४ सय ९४ दरबन्दी भए पनि ५ हजार ७ सय जना कार्यरत रहेको जानकारी उनले गराए । प्रहरीको तल्लो तहका युनिटका लागि भवन, गाडी लगायत अन्य सामग्रीको अभाव रहेको उनले सुनाए । पछिल्लो समयमा अपराधको प्रकृति फेरिएको भन्दै त्यसै अनुसार स्मार्ट पुलिसिङ अवधारणा अनुसार काम गर्न थालिएको उनको भनाइ थियो । प्रदेश सरकारले प्रदान गरेका गाडी आवश्यकता अनुसार जिल्लामा पठाइने उनले जानकारी दिए ।




# मजदुरले खाएको खाना र मदिरा परीक्षणका लागि पठाइँदै

रासस
बागलुङ, ७ साउन

विषक्त मदिरा सेवन गरेपछि बिरामी परेका चार जनाको मृत्यु भएको घटनामा अनुसन्धानका लागि घटनास्थल पुगेको प्रहरी सदरमुकाम फर्किएको छ ।

गलकोट नगरपालिका-७ मल्म पुगेको प्रहरी नायब उपरीक्षक इकवाल हवारीको पाँच सदस्यीय टोली घटनास्थलको स्थलगत अनुसन्धान गरेर फर्किएको हो ।

प्रहरीले घटनामा मृत्यु भएका र गम्भीर बिरामी परेका मजदुरले सेवन गरेको मदिरा र खानाको नमूना लिएर फर्किएको हो । प्रहरीले घटनास्थलबाट ल्याएको मदिरा र खाना परीक्षणका लागि विधि विज्ञान प्रयोगशाला पठाउने तयारी भइरहेको प्रहरी उपरीक्षक कृष्णबहादुर पल्लीमगरले बताउनुभयो । गत सोमबार साँझ स्थानीय एक पसलबाट ल्याएको मदिरा र चाउचाउ तथा दालमोठ खाएपछि बिरामी परेका चार जनाको मङ्गलबार बिहान मृत्यु भएको थियो । दुई जना गम्भीर बिरामी मजदुरको पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा उपचार भइरहेको छ । मृत्यु हुनेमा रोल्पाको सुनिल स्मृति गाउँपालिका-५ का ३० वर्षीय प्रवीन घर्ती, ५१ वर्षीय रेखबहादुर राना, २१ वर्षीय दीपेन्द्र पुनमगर र ३९ वर्षीय दूधबहादुर राना रहनुभएको छ । "त्यहाँ त के भेटिन्थ्यो र ? सोधपुछ गर्ने काम भयो, छिमेकीले पनि त्यहीँबाट रक्सी ल्याएर खाएको भन्छन्", अनुसन्धानका लागि घटनास्थल पुगेका हवारीले भन्नुभयो, "अब खाना, मदिरा र भिसेरा रिपोर्ट जे आउँछ त्यसको आधारमा अनुसन्धान अघि बढ्छ ।" घटनास्थलमा पुगेको प्रहरीले मजदुरले सधैँ मदिरा खाने गरेको र त्यो दिन पनि त्यसै भएको बताएका थिए । शव धौलागिरि अस्पतालको शवगृहमा राखिएको छ ।


रोल्पाबाट आफन्त बुधबार बिहानमात्रै बागलुङ आइपुगेका छन् । "उहाँहरू आएको खबर छ, जाहेरी आएपछि मात्रै परीक्षण हुन्छ", प्रहरी उपरीक्षक पल्लीमगरले भन्नुभयो "परीक्षणपछि भिसेरा र खाना तथा मदिरा एकैपटक विधि विज्ञान प्रयोगशाला पठाउँछौं ।" आफन्तले भने रिपोर्ट आएपछि मात्रै शव बुझ्ने बताउँदै आएका छन् ।

बाढीपहिरोको प्रकोप न्यूनिकरण गर्न जथाभावी ढुङ्गा, बालुवा निकाल्ने तथा खोलाको बहाव बदल्ने कार्य नगरौं ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# विधि मिचेर सुरक्षाकर्मीको दुरुपयोग

राज्यको उच्च ओहदामा पुगेपछि सेवा सुविधा लिदा पनि राज्यले दिन सक्छ भनेर कसैले सोध्ने गरेका छैनन् । उच्च ओहदामा पुग्नु भनेको देश र जनताको सेवा गर्नु हो। देश र जनताप्रति ईमान्दार भएर काम गर्ने वाचा गरेका नेताले पद र ओहदामा पुग्नु आफ्नो हितको लागि प्रयोग हुँदै आएको छ। नेपाली जनताले जो आए पनि उस्तै भन्ने गरेका छन -नेताहरूको ब्यवहारले। सरकार फेरिनु भनेको जिम्मेवारी फरक हुनु हो।

नियम, कानुन, प्रचलनमा फेरबदल गर्नु होइन। सरकार फेरिने वित्तीकै आफुलाई सबैभन्दा ठूलो, महत्त्वपूर्ण ठानेर राज्यको श्रोत र साधनको दुरुपयोग गर्ने चलन झन बढ्दै गएको छ। एमाले नेतृत्वको सरकारलाई विस्थापित गरेर काङ्ग्रेस नेतृत्वको सरकारले विधि मिचेर ठूला नेतालाई थप सुरक्षाकर्मी दिएको छ। विधि मिचेर ठूला नेतालाई थप सुरक्षाकर्मी किन दिएको भनेर सांसदहरूले सोधेको प्रश्नमा तालुकदार मन्त्रालयका मन्त्री र सचिव मौन हुनु विडम्बना हो । प्रतिनिधिसभा अन्तर्गतको राज्यव्यवस्था तथा सुशासन समितिको बिहीबारको बैठकमा नीति र विधि मिचेर भीआईपीहरूलाई किन सुरक्षाकर्मी थपेको भनेर गरेको प्रश्नको गृहमन्त्री बालकृष्ण खाँण र सचिव महेश्वर न्यौपानले जवाफ दिएनन्। विपक्षमा रहँदा चर्को स्वरमा कराउनेहरु अहिले जवाफ नदिनु द्वैध चरित्र हो।

संसदीय समितिले भिआइपीका नाममा सुरक्षाकर्मीको दुरुपयोग रोक्न सरकारलाई निर्देशन दिएका थिए। गणतन्त्र आएपछि वहालवाला र पुर्व भिआईपीको नाममा साधन श्रोतको दुरुपयोग रोक्न नागरिकले खबरदारी गर्दै आएका हुन। नागरिकको आवाज नसुन्ने प्रबृत्ति शासकमा रहेको छ। शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन भएसँगै पूर्वप्रधानमन्त्री तथा दलका नेताहरूको सुरक्षामा खटिने प्रहरीको संख्या बढाइएको छ। एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले 'विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्था कार्यविधि-२०७७' लागू गर्दै पूर्वप्रधानमन्त्री तथा विशिष्ट व्यक्तिहरूको सुरक्षामा कटौती गरेको थियो।

नयाँ सरकार आएसँगै पूर्वप्रधानमन्त्री तथा सत्ता गठबन्धनमा रहेको दल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई नेपाल प्रहरीका डीएसपी, पूर्वप्रधानमन्त्री तथा एमाले नेता माधवकुमार नेपालको सुरक्षामा कटौती भएको थियो । निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीको सुरक्षामा पनि कार्यविधिविपरीत सुरक्षाकर्मी खटाइएको छ । पूर्वप्रधानमन्त्रीको सुरक्षामा १८ जना सुरक्षाकर्मी खटाउने भनिए पनि नेपाल प्रहरीका इन्स्पेक्टरलाई खटाइएको छ।

भीआईपीहरूलाई सरकारले नै तय गरेको कार्यविधिविपरीत सुरक्षाकर्मी खटाएकोमा सांसदहरूले मात्र होइन संचार माध्यमले पनि उठाउँदै आएको प्रश्नको उत्तर गृहमन्त्रीले नदिनु जनताप्रति अनादर हो । वर्तमान सरकार गठन भएपछि नेताहरूलाई सुरक्षा चुनौती थपिएर कार्यविधि मिच्दै सुरक्षाकर्मी थप्नु परेको हो भने पनि जनतालाई भन्नुपर्छ।जनताले आफ्ना नेता किन असुरक्षित भए भन्ने जानकारी पाउनुपर्छ । नेताहरूले आफुलाई अरु भन्दा फरक देखाउन र जनतामा रवाफ देखाउने पछौटे सोच त्याग्नुपर्छ। नेता वा उच्च ओहदामा पुग्नेहरु धेरै सुरक्षाकर्मीले घेराभित्र राखेर मात्र सुरक्षित हुँदैनन्। जनताको मनमा बस्न सके मात्र सुरक्षित भइन्छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : कार्यमा सफलता | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# गोर्खाहरूले आफ्नो माग पूरा गर्न रिले अनशन थाले

**रासस**
**काठमाडौं, ७ साउन**

पटक-पटकको आग्रहमा पनि आफ्ना माग पूरा नगरेको भन्दै गोर्खाहरूले बेलायतमा रिले अनशन शुरु गरेका छन् । गोर्खा सत्याग्रह संयुक्त सङ्घर्ष समितिको नेतृत्वमा बुधबार दिउँसो १ बजेदेखि बेलायती प्रधानमन्त्रीको कार्यालय टेन डाउनिङ स्ट्रिटमा अनशन थालिएको छ।

बेलायत सरकार र नेपाल सरकारलाई पटक-पटक आफ्ना मागको सुनुवाइका लागि विभिन्न चरणमा र विभिन्न माध्यमबाट आग्रह गर्दा पनि सुनुवाइ नभएपछि बाध्यात्मक परिस्थितिले अनशन बस्न परेको अभियानकर्मी ज्ञानराज राईले बताउनुभयो । बुधबारदेखि १३ दिनसम्म लगातार अनशन बस्ने र हरेक दिन एक एक जना अनशन बस्ने योजना रहेको राईले बताउनुभयो । सत्याग्रह समितिका प्रमुख कृष्णबहादुर राईका अनुसार यो १३ दिनभित्र बेलायती सरकारले वार्ताका लागि कुनै पहल गरेन भने त्यसपछि भोक हड्तालमा बस्ने योजना रहेको बताउनुभयो।

गत महिना गोर्खाहरूका मागसँग सरोकार राख्ने पाँचवटा संस्था र गैरआवसीय नेपाली सङ्घ युकेलगायतले नेपाल सरकार र बेलायत सरकार दुवैलाई पत्र पठाएको थियो । पत्रमा भूपू गोर्खाहरूको समान पेन्सनलगायतका माग राखेर वार्ताका लागि आग्रह गरिएको थियो । यो पटक १३ बुँदे मागसहित आन्दोलनमा रहेका गोर्खाहरूको उक्त अनशनलाई गोर्खा हकहितका लागि काम गर्दै आइरहेको गेसो नामक संस्थाले भने साथ दिएको छैन। नेपाल सरकार र बेलायत सरकारलाई आफ्ना माग पुऱ्याइसकिएको र बेलायतजस्तो ठाउँमा अनशनजस्तो गतिविधि गर्नुले समस्या समाधानभन्दा पनि थप जटिल हुने गेसो संस्थाका सभापति कृष्णकुमार राईले बताउनुभयो।

# फोहरलाई मोहरमा बदल्दै गलकोट

**पोखरापत्र संवाददाता**
**बागलुङ, ७ साउन**

विसं २०७३ मा स्थापना भए पनि गलकोट नगरपालिका मध्यपहाडी लोकमार्गको बीच भागमा पर्ने भएकाले चल्तीको पालिकामा पर्दछ।

पर्याप्त समथर भू-भाग भएको नगरपालिकाको केन्द्र मजुवाफाँट र हटिया बजारमा घर निर्माण तीव्र गतिमा भइरहेको छ। उर्वर भूमि रहेको गलकोट क्षेत्रमा धान झुल्ने खेत विस्तारै शहरमा परिणत हुँदै आएका छन्। बढ्दो शहरीकरणसँगै नगरपालिकामा फोहोर व्यवस्थापन चुनौतीको विषय बन्न थालेको छ।

नगरपालिकामा फोहर व्यवस्थापनका लागि जग्गा अभावले लामो समयदेखि समस्या थियो तर पछिल्लो समय नगरपालिकाले जग्गा भाडामा लिएरै फोहरलाई मोहरमा बदल्न थालेको छ । यसअघि हटिया बजारको फोहर गौदीखोलामा फालिँदै आइएको थियो। बजारकै छेउमा फोहर फाल्दा बजार क्षेत्रनै दुर्गन्धित भएको भन्दै जनस्तरबाट नगरपालिकालाई फोहर व्यवस्थापनको वैकल्पिक व्यवस्था गर्न आग्रह हुँदै आएको थियो । नगरपालिकाले जग्गा अभावमा फोहरको डम्पिङ साइट खोज्न नसके पछि जग्गा भाडामा व्यवस्थापन गरेर अहिले फोहर प्रशोधन केन्द्र स्थापना गरेको छ। गलकोट-९ स्थित दरमखोला किनार नजिकै जग्गा व्यवस्थापन गरी फोहर प्रशोधन उपकरण जडानसमेत गरिसकिएको छ।

कोरोना कहरका कारण फोहर प्रशोधनमा कर्मचारी खटाउन समस्या भएको र आगामी दुई महिनाभित्रै नगरपालिकाले फोहर प्रशोधन केन्द्र सञ्चालनमा ल्याउने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद शर्माले जानकारी दिनुभयो । फोहर व्यवस्थापनका लागि लामो समयको प्रयत्न र पहलमा हटिया बजारभन्दा केही पर वडा नम्बर ९ मा तीन रोपनी जग्गा मासिक रु २० हजार भाडा तिर्ने गरी व्यवस्थापन गरिएको जग्गामा पूर्वाधार निर्माण गरिएको नगर प्रमुख भरत शर्मा गैरेले जानकारी दिनुभयो। "फोहर फाल्ने डम्पिङ साइट पाएनौं, त्यसैले केही उपकरण खरिद गरेर फोहर प्रशोधन गरी बिक्री गर्ने नगरपालिकाको नीतिअनुसार प्रशोधन केन्द्रको पूर्वाधार निर्माणसँगै उपकरण जडान भएको छ", नगर प्रमुख शर्मा गैरेले भन्नुभयो, "भाडामा जग्गा लिएर कुहिने फोहर व्यवस्थापन र नकुहिनेलाई प्रशोधन गरी प्याकिङ गरेर बिक्री गर्ने काम अघि बढेको छ, अब सबै तयारी सकिएकाले छिट्टै सञ्चालमा ल्याउने तयारी छ।"

नगरपालिकाले तीन रोपनी जग्गामा सडक पुऱ्याउने, विद्युतीकरण गर्ने, ट्रस हाल्नेलगायतका पूर्वाधार निर्माणमा रु २३ लाख र उपकरण खरिद तथा जडानमा रु १० लाख खर्च गरिसकेको प्रशासकीय अधिकृत तुलबहादुर विश्वकर्माले जानकारी दिनुभयो । अहिले नगरपालिकाले एउटा ट्र्याक्टरमा फोहर सङ्कलन गर्दै आएको छ। जिल्लामै तीव्र शहरीकरण भएको स्थानमा पर्ने गलकोटमा घर थपिँदै गए पछि फोहर व्यवस्थापनमा चुनौती बढ्दै गएको हो । सङ्कलित कुहिने र नकुहिने फोहरलाई छुट्टाछुट्टै व्यवस्थापन गरिने छ।

कुहिने फोहरको मल बनाइनेछ भने नकुहिने फोहरलाई टुक्राउने, धूने र पुनः प्रयोगका लागि बिक्री गरिनेछ । नगरपालिकाले फोहर व्यवस्थापनमा लाग्ने सबै खर्च फोहर प्रशोधनपछि बिक्री गरेर उठाउने लक्ष्य राखेको छ । नगरपालिकामा सार्वजनिक जग्गा अभाव रहेका कारण व्यक्तिको जग्गा खरिद गर्दा निकै महँगो भएपछि भाडाको जग्गामा फोहर व्यवस्थापन गर्न थालिएको हो।

फोहरलाई मोहर बनाएर बिक्री गर्ने योजना नगरपालिका स्थापना भएको पाँच वर्षमा पूरा हुन थालेको नगरपालिकाले जनाएको छ । गलकोटमा जग्गा अभावकै कारण बसपार्क नहुँदा सडकमै सवारी पार्किङ गर्नुपर्ने बाध्यता छ।

# सरकारले मनाङमा हेलिकप्टरबाट खाद्यान्न र औषधि पुऱ्याउने

**रासस**
**काठमाडौं, ७ साउन**

यसपालीको मनसुनजन्य विपद्का कारण अतिप्रभावित भएको मनाङमा हेलिकप्टरबाट औषधि र खाद्यान्न पऱ्याइने भएको छ। बाढी र पहिरोबाट प्रभावित भएको जिल्ला सदरमुकाम चामेलगायत आसपासका क्षेत्र विपद्का घटना भएको लामो समय बितिसक्दा पनि सडक सञ्जाल जोडिन नसकेपछि सरकारले खाद्यान्न पुऱ्याउन हेलिकप्टरको प्रयोग गर्न लागेको हो।

शुरुआती चरणमा यहाँ राहतस्वरुप हेलिकप्टरबाट राहत पुऱ्याइएको तर सडक खुल्न नसक्दा मानिसको जीवन नै जोखिममा पर्ने अवस्था आएकाले हवाइमार्गबाट तत्काल खाद्यान्न र औषधि आपूर्ति गर्ने तयारी गरिएको गृहमन्त्री बालकृष्ण खाँडले जानकारी दिनुभयो।

प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिको आजको बैठकमा समितिका सदस्यले उठाएका जिज्ञासाको जवाफमा मन्त्री खाँडले सरकारको पहिलो प्राथमिकता नै मानिसको जीउज्यानको सुरक्षा रहेको स्पष्ट पार्नुभयो। उहाँले जोखिममा परेका मानिसको जनजीवन सहज पार्न मन्त्रालय लागि परेको पनि बताउनुभयो । "मनाङ जिल्ला सदरमुकाम जाने बाटो बन्द छ, प्राविधिकसमेत मोटरबाट जानसक्ने अवस्थामा छैन, मनाङमा नागरिकको जीवन नै जोखिममा छ, सप्लाई सिष्टम नै बन्द भयो", मन्त्री खाँडले भन्नुभयो, "अब हेलिकप्टरबाट सामान पुऱ्याइने छ।" यस विषयसमा सरोकारवाला निकायबीच समन्वय भइसकेको पनि उहाँले जानकारी दिनुभयो।

लत्ताकपडालगायत सामग्री ढुवानी भने महँगो पर्ने भएकाले तत्काल खाद्यान्न र औषधि पुऱ्याउने गरी योजना निर्माण भएको समितिलाई जानकारी दिनुभयो । मनाङमा बाढीपहिराका कारण ५४ किलोमिटर सडकमा क्षति पुगेको छ। मन्त्री खाँडले अध्ययनका लागि विज्ञ टोलीलाई पनि हेलिकप्टरबाटै लैजाने जानकारी दिनुभयो।

मन्त्री खाँडले मनाङ र सिन्धुपाल्चोकको जनजीवन सहज पार्ने विषयमा सरकार गम्भीरताका साथ लागेको समितिका सदस्यलाई आश्वस्त पार्नुभयो। दुवै जिल्लालाई सरकारले सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नुका कारण नै उच्च प्राथमिकतामा राखिएकाले हो भन्दै उहाँले त्यस क्षेत्रमा विशेष प्याकेज लैजानुपर्ने आवश्यकता औंल्याउनुभयो।


## जुस पसल बिक्रीमा

**अत्यन्तै चालु अवस्थामा पोखरा-११ फूलबारीमा रहेको जुस सप र किराना पसल तुः बिक्रीमा छ ।**

**सम्पर्कः**
**९८४६०८२४६०**
**९८२६१४३६४९**

## तुः आवश्यकता

**चालु अवस्थामा पोखरा-११ फूलबारीमा रहेको क्याफेका लागि १ जना वेटर तुः आवश्यकता ।**

**सम्पर्कः**
**९८२६१४३६४९**


# दुई हप्ता बित्दा पनि खुलेन सडक

**पोखरापत्र संवाददाता**
**दमौली, ७ साउन**

पहिराले अवरुद्ध भएको सडक दुई हप्ता बित्दा पनि नखुलेपछि सर्वसाधारण मारमा परेका छन् । व्यास नगरपालिका-१२ हुँदै भानु नगरपालिका-५ जाने भगवती रङ्गपथ मोटरमार्ग अवरुद्ध भएको लामो समय हुँदा पनि पुनःसञ्चालन नहुँदा सर्वसाधारण मारमा परेका हुन्।

गत असार १७ गते परेको अविरल वर्षाले बाटो अवरुद्ध हुँदा पिपलथोक, गोलढुङ्गा, मैवल, कोखे, गरमभञ्याङ, नावरुङ, मिलडाँडा, डाँडाथोकका सर्वसाधारणलाई प्रत्यक्ष मार परेको स्थानीयवासी रामबहादुर अधिकारीले बताउनुभयो। "बाटो अवरुद्ध हुँदा खाद्यान्न ढुवानीमा पनि समस्या आएको छ। बिरामी हुँदा अस्पतालसम्म आउन पनि कठिनाइ भएको छ", उहाँले भन्नुभयो, "लामो समय हुँदासम्म पनि बाटो खोल्न सरोकारवालाको ध्यान गएन।"

भानु-५ का वडाध्यक्ष प्रकाश मल्ले आफ्नो क्षेत्रमा भने सवारी साधनमा अवरोध नभएको बताउनुभयो। छिर्केनेदेखि पिपलथोकसम्म व्यास-१२ को क्षेत्र भएकाले आफूले सो क्षेत्रमा केही पनि गर्न नसकेको उहाँको भनाइ छ। "मुख्य अवरोध भनेको व्यासको वडा नम्बर १२ मा नै हो। भानु-५ को मोटरमार्गमा पर्ने बाटोको अवरोध हटाइसकेका छौं", उहाँले भन्नुभयो, "त्यो बाटोको विकल्पमा नागनागिना हुँदै मैवल अनि नावरुङ जान सकिन्छ।" व्यास-१२ का वडाध्यक्ष तोत्रबहादुर कुँवरले आफ्नो वडाको क्षेत्र भए पनि त्यहाँ ठेक्का लागिसकेको हुँदा केही गर्न नसकेको बताउनुभयो। प्रदेश सरकारले उक्त बाटोको स्तरोन्नति गरी बाटो मर्मत गरेको थियो । त्यसैले गर्दा त्यो ठेकेदारले नै काम गर्नुपर्ने उहाँले बताउनुभयो। "वडा आफ्नो भए पनि बाटो समितिले काम गरेको र त्यो ठेकेदारलाई सम्पर्क गर्ने प्रयास गरेको छु", उहाँले भन्नुभयो।

बाटोको विषयमा पनि वडा र नगरपालिकाले राजनीति गरेको स्थानीयवासी शिव शाहीले बताउनुभयो । "भानुको वडा कार्यालयमा भन्दा क्षेत्राधिकारभित्र पर्दैन भन्छ, व्यास-१२ मा सम्पर्क गर्दा ठेकेदार खोजेर ल्याउनु भन्छ। ठेकेदार सम्पर्कविहीन छ", उहाँले भन्नुभयो, "नगरपालिकामा सम्पर्क गर्दा वडामार्फत आउनु भन्छ। यो अति नै राजनीति भयो ।" बाटो अवरुद्ध हुँदा दैनिक जीवनयापनमै प्रत्यक्ष असर परे पनि सम्बन्धित निकाय पन्छिने काम गरेको उहाँको आरोप छ।

छिर्केने बजारको पिपलथोकदेखि डाँडाथोकसम्म करिब आठ किलोमिटर रहेको भगवती रङ्गपथ मोटरमार्गअन्तर्गत करिब एक किलोमिटर मोटरमार्गमा गएको पहिरोले गर्दा घरसमेत जोखिम परेको छ।

# गुर्जामा उच्च घनत्वको स्याउखेती

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ७ साउन**

म्याग्दीको धवलागिरि गाउँपालिका- १ गुर्जामा जिल्लामै पहिलो पटक स्याउको व्यावसायिक खेती गरिएको छ । गुर्जाको हिमाली कृषि सहकारी संस्थाले गाउँपालिका र कृषि ज्ञान केन्द्रको आर्थिक तथा प्राविधिक सहयोगमा उच्च घनत्वको स्याउखेती गरिएको हो। इटलीबाट उच्च घनत्व जातका स्याउका कलमी बिरुवा ल्याएर गुर्जामा खेती गरिएको वडाध्यक्ष झकबहादुर छन्त्यालले जानकारी दिनुभयो।

"गुर्जामा म्याग्दी जिल्लामै पहिलो पटक व्यावसायिक स्याउखेती भएको हो", उहाँले भन्नुभयो, "१० रोपनी जग्गामा गत हिउँदमा रोपेको स्याउको बिरुवाले रोपेकै वर्षदेखि फल्न थालेकाले गुर्जामा सफल हुने देखिएको छ।" कृषि ज्ञान केन्द्रको ५० प्रतिशत अनुदान सहयोगमा २५६ र वडाको प्रस्तावमा गाउँपालिकाको ७५ प्रतिशत अनुदानमा ५९२ बिरुवा खरीद गरिएको थियो । गुर्जामा स्याउखेतीका लागि गतवर्ष कृषि ज्ञान केन्द्रले रु एक लाख ५० हजार र गाउँपालिकाले रु पाँच लाख विनियोजन गरेको थियो।

गुर्जाको नाइलीबाङमा २६ किसानले दश रोपनी पाखोबारीमा स्याउका बिरुवा लगाएका छन् । गुर्जाको स्याउखेती भएको ठाउँको उचाइ समुद्री सतहदेखि दुई हजार ७०० मिटर छ। अन्यत्र यही उचाइमा खेती सफल भएकाले गुर्जामा पनि स्याउखेती भित्र्याइएको वडाध्यक्ष छन्त्यालले बताउनुभयो।

छिटो फल्ने, धेरै उत्पादन दिने, फल टिप्न र खेती गर्न सजिलो हुने भएकाले उच्च घनत्वको स्याउखेतीप्रति किसानको आकर्षण बढेको छ । किसानले परीक्षण उत्पादन सफल भए स्याउखेती विस्तार गर्ने योजना बनाएका छन् । यसअघि गुर्जामा स्थानीय जातको स्याउखेती गरिए पनि अपेक्षाकृत सफलता हासिल भएको थिएन् । कृषि ज्ञान केन्द्रका कृषिप्रसार अधिकृत गोविन्द पाण्डेले गुर्जामा परीक्षणका लागि उच्च घनत्वको स्याउखेती गर्न इटलीबाट बिरुवा ल्याइएको बताउनुभयो। "पुराना र परम्परागत रैथाने स्याउका बोटले उत्पादन तथा गुणस्तरीय स्याउ फलाउन छाडेपछि त्यसको साटो छिटो फल्ने उच्चघनत्वको स्याउ बिरुवा लगाउन थालिएको हो", उहाँले भन्नुभयो "गुर्जामा उच्च घनत्वको स्याउखेती सफल भएमा खेर गइरहेको बाँझो जमीनलाई सदुपयोग गर्न र किसानको आम्दानी बढाउन सकिने सम्भावना छ।"

# चीनबाट आठ लाख मात्रा खोप प्राप्त

**रासस**
**पोखरा, ७ साउन**

छिमेकी मुलुक चीनबाट आज कोरोना भाइरसविरुद्धको खोप 'भेरोसेल' आठ लाख मात्रा प्राप्त भएको छ।

चीनसँग खरीद गरिएको खोप नेपाल वायुसेवा निगमको वाइडबडी जहाजबाट आज खोप ल्याइएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालका सहप्रवक्ता डा समीरकुमार अधिकारीले जानकारी दिनुभयो । आज आएको खोप टेकुस्थित स्वास्थ्य सेवा विभागको चिस्यान केन्द्रमा राखि देशभरि पठाइने उहाँले बताउनुभयो।

उहाँले निगमको नियमित उडानमार्फत लगातार चार दिनसम्म खोप चीनबाट आउने जानकारी दिनुभयो। यही साउन १५ गतेसम्म ३२ लाख मात्रा खोप नेपाल आउने मन्त्रालयले जनाएको छ । अहिलेसम्म ७३ लाख ८२ हजार ८५० मात्रा खोप आइसकेको छ।

# पुम्दीकोटमा महादेवको मूर्ति स्थापना

– वासुदेव पौडेल
पोखरा, ७ साउन (रासस)

कोरोनाका कारण देशका अधिकांश आयोजनासँगै विकास निर्माणमापनिअसरपरेकोअवस्थामा पोखरा महानगरपालिका-२२ स्थित पुम्दीकोटमा जनस्तरबाट विशाल महादेवको मूर्ति निर्माण गरिएको छ।



गन्तव्य सूचीमा सूचीकृत धार्मिक एवं ऐतिहासिकस्थल पुम्दीकोटमा यतिखेर ५१ फिट उचाइको महादेवको मूर्ति स्थापना गरिएसँगै सो स्थानमा आन्तरिक पर्यटक पुग्ने क्रमले गति लिएको छ। पछिल्ला दिनमा निषेधाज्ञा खुकुलो बन्दै गएपछि आन्तरिक पर्यटकको चाप बढ्न थालेकाले आगामी दिन यो स्थल यस क्षेत्रको महत्वपूर्ण गन्तव्यस्थल बन्ने पोखरा महानगरपालिका-२२ का वडासदस्य मातृका बरालले बताउनुभयो।

"कोरोनाको डर हुँदा पनि सबैको साथ र सहयोगमा निर्माण कार्यले निरन्तरता पाउँदा महादेवको मूर्ति स्थापना गर्न सम्भव भएको छ", उहाँले भन्नुभयो, "मूर्ति स्थापना गरिए पनि लक्ष्यअनुसारका सबै काम सम्पन्न गर्न अझै केही समय लाग्नेछ। पुम्दीकोट कोट विकास समितिको सक्रियतामा रु ४० करोडको लागतमा मूर्ति स्थापना गरिएको उहाँले जानकारी दिनुभयो। समितिले १०५ फिटको उठेको स्वरुपको महादेवको मूर्ति राख्ने लक्ष्य लिएकामा नागरिक उड्डयन प्राधिकरणको सल्लाहमा बसेको स्वरुपको ५१ फिट उचाइको मूर्ति जडान गरिएको हो। समितिका अध्यक्ष एवं निर्माण समितिका संयोजक चन्द्रकान्त बरालका अनुसार पुम्दीकोटका प्रचुर पर्यटकीय सम्भावनालाई दृष्टिगत गर्दै विशाल महादेवको मूर्ति निर्माणका लागि अभियान थालिएको थियो। पोखराको मुख्य बजार क्षेत्रबाट झण्डै १३ किमी दूरीमा रहेको पुम्दीकोटबाट पोखरा उपत्यकासहित हिमाली शृङ्खला अवलोकन गर्न सकिन्छ। पुम्दीकोटका पर्यटकीय सम्भावनालाई उजागर गर्ने लक्ष्यका साथ विसं २०७३ फागुनमा महाशिवपुराण लगाउँदा रु छ करोड १८ लाखसहित दानस्वरुप २० रोपनी जग्गा प्राप्त भएको थियो। समितिले बृहत् गुरुयोजना तयार गर्दै त्यसअनुरुप काम अघि बढाएको थियो। लक्षित योजनाअनुसार कोरोना कहरबीच पनि कामले गति लिएको बताउँदै संयोजक बरालले यसबीचमा महादेवको मूर्ति स्थापना गरिएको जानकारी दिनुभयो। मूर्ति स्थापनाका साथै प्रशासनिक भवन र गुरु महाराज आश्रम पनि निर्माण भइसकेका छन्। समितिले गुरुयोजनाअनुसार आगामी दिन शान्ति आश्रम, सुमेरु पर्वत, ज्येष्ठ नागरिक मिलन केन्द्र, हरियाली बगैँचा निर्माण गर्ने लक्ष्य लिएको छ। त्यस्तै शिवलीला, वन्यजन्तुको जीवनचक्र देखाउने प्रोजेक्टर आदि पनि निर्माण गरिने जनाइएको छ। त्यस्तै मूर्ति परिसरमा गणेश, मनोरेल, १०८ धारा, पाँच फिट अग्लो शिवलिङ्ग स्थापना गरिने संयोजक बरालले जानकारी दिनुभयो। "कोरोनाका बाबजुद पनि सजगता अपनाइ दैनिक २०-२५ जनाले निरन्तर काम गरेका कारण मूर्ति राख्न सम्भव भएको हो", उहाँले भन्नुभयो, "असार र साउन महिनामा भने लगातारको वर्षाका कारण काम रोक्नुपरेको थियो।" गुरुयोजनाअनुसार सबै काम सम्पन्न गर्न रु ४० करोड लाग्ने अनुमान गरिएकामा उक्त लागत बढ्ने देखिएको छ। हालसम्मका काम सम्पन्न गर्न लगभग रु २० करोड खर्च भइसकेको संयोजक बरालले जानकारी दिनुभयो।

फेवाताल सहितको पोखराबजार, अन्नपूर्ण, माछापुच्छ्रेलगायत हिमशृङ्खला एकसाथ देख्न सकिने पुम्दीकोटमा महादेवको मूर्ति स्थापना गरिएसँगै बजारका विभिन्न स्थानबाट माछापुच्छ्रेको काखैमा महादेव ध्यानमग्न भएजस्तो देखिएको समितिका सहसचिव प्रकाश बरालको चचा थियो। कोरोनाका कारण आगामी दिनमा निषेधाज्ञा गर्न नपरे असोज महिनामा पहिलो चरणको काम सम्पन्न गरी उद्घाटन कार्यक्रम गर्ने सोचमा रहेको उहाँको भनाइ थियो।

# बेपत्ता अर्याल १७ वर्षपछि घर फिर्ता

पोखरापत्र संवाददाता
बागलुङ, ७ साउन

यहाँका एक पुरुष बेपत्ता भएको १७ वर्षमा घर आउनुभएको छ। नेपालमा चलेको १० वर्षे जनयुद्धमा बेपत्ता हुनुभएका वालिङ नगरपालिका- ६ लालुपातेका ५५ वर्षीय गोपालप्रसाद अर्याल घर फर्किनुभएको हो।

जनयुद्धका समयमा त्रासका कारण २०५९ असार १ गते घरबाट हिँड्नुभएका अर्याललाई दाङको लमहीमा भएको भन्ने परिवारले थाहा पाएपछि घर फिर्ता ल्याएको पत्नी बलीकुमारी अर्यालले बताउनुभयो। "यहींको विद्यालयबाट भ्रमणमा गएका विद्यार्थी तथा शिक्षकले देखेपछि हामीलाई सुनाउनुभयो", पत्नी बलीकुमारीले भन्नुभयो, "उहाँहरूले भनेको ठाउँमा गएर हेर्दा त होइछ, अनि फर्काएर लिएर आएका हौं।" घरको मुली मान्छे अभिभावक नै बेपत्ता भएपछि चार जनाको परिवार पीडामा र सधैँ त्रासमा रहेको उहाँले सुनाउनुभयो।

दश वर्षे द्वन्द्वका समयमा बेपत्ता पारिएका व्यक्तिको उजूरी आयोगमा परेपछि छानबिन आयोगले पीडित परिवारलाई भेट्ने क्रममा अर्याललाई घरमै परिवारसँग फेला पारेको थियो।

त्यस्तै उता स्याङ्जाको पुतलीबजार नगरपालिका- २ का ५१ वर्षीय टुकबहादुर पौडेलको पनि उजूरी आयोगमा परेकामा उहाँ पनि परिवारसँगै रहेको पाइएको थियो। पौडेल २०५८ सालपछि बेपत्ता भएका र करीब १३ वर्ष घर नआएपछि परिवारका व्यक्तिले बेपत्ता भएको भनी आयोगमा उजूरी दिएका थिए।

# सिन्धुपाल्चोक र मनाङलाई विपद् व्यवस्थापनको 'नमूना क्षेत्र' बनाउन संसदीय समितिको निर्देशन

पोखरापत्र संवाददाता
बागलुङ, ७ साउन

प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिले यसपालीको विपद्बाट बढी प्रभावित सिन्धुपाल्चोक र मनाङलाई विपद् व्यवस्थापनको 'नमूना क्षेत्र' बनाउन सरकारलाई निर्देशन दिएको छ।

गृहमन्त्री बालकृष्ण खाँड र सचिव महेश्वर न्यौपाने सहभागी समितिको आजको बैठकले सरकारले विपद्को सङ्कटग्रस्त जिल्ला घोषणा गरेको उक्त दुई जिल्लालाई विपद् व्यवस्थापनको कार्यमा उच्च प्राथमिकतामा राखी नमूना बनाउन निदर्शेन दिएको हो। समितिका सभापति शशि श्रेष्ठले पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउँदै सबै नागरिकलाई जुनसुकैबेला पनि विपद्को सूचना प्राप्त गर्नसक्ने गरी आवश्यक प्रबन्ध गर्न पनि सरकारलाई निर्देशन दिने निर्णय गरेको जानकारी दिनुभयो।

बैठकले विपद् व्यवस्थापन गर्न आपसी सहकार्य र समझदारी कायम गर्ने राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई स्रोतसाधन जनशक्ति सम्पन्न बनाउन पनि भनेको छ। समितिले बढी क्षति भएका जिल्लामा अवरुद्ध स्थानीय पूर्वाधार शीघ्र मर्मत तथा सुधार गरी सम्बद्ध निकायबीचको समन्वयमा राहत, पुनःस्थापना, बस्ती स्थानान्तरण तथा एकीकृत बस्ती निर्माण गरी जोखिमका बासिन्दालाई सुरक्षित राख्न पनि निर्देशन दिएको छ। बैठकले तदारुकताका साथ विपद् जोखिम न्यूनीकरणका काम अघि बढाउन, अभाव क्षेत्रमा आवश्यक खाद्यान्न पुऱ्याउन र विपद् व्यवस्थापन कार्यलाई उद्धार तथा राहतमा मात्रै सीमित नगरी पूर्वतयारी तथा आवश्यक अन्य व्यवस्थापन गर्न पनि सरकारलाई निर्देशन गरेको छ। समितिले यसअघि दिएको निर्देशन प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न पनि आगृह गरेको छ।

बैठकमा गृहमन्त्री खाँडले सरकारले विपद् व्यवस्थापन कार्यलाई उच्च प्राथमिकतामा दिएर काम अघि बढाएको बताउनुभएको थियो। उहाँले नागरिकको सुरक्षा नै पहिलो प्राथमिकतामा रहेको र मन्त्रालय क्षति न्यूनीकरणमा गम्भीर रहेको प्रतिक्रिया दिनुभएको थियो।

# पुष्पलाल स्मृति दिवसमा १८८ जनाले रक्तदान गरे

पोखरापत्र संवाददाता
स्याङ्जा, ७ साउन

नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको ४३ औं स्मृति दिवसका अवसरमा वालिङमा १ सय ८८ जनाले रक्तदान गरेका छन्।

राष्ट्रिय युवा संघ नेपाल जिल्ला कमिटी स्याङ्जाको आयोजनामा 'रक्तदान जिवनदान जिवनदान महादान' भन्ने नाराका साथ खुल्ला रक्तदान कार्यक्रममा १२ जना महिला र १७६ पुरुष गरी १ सय ८८ जनाले रक्तदान गरेका हुन्। संकलित १ सय ८८ युनिट रगत पोखरा लगिएको छ। रक्तदानमा ४० औं पटक रक्तदान गरेका समाजसेवी कृष्ण खांणलाई रक्तव्याग हस्तान्तरण गरी उद्घाटन गरिएको थियो। वालिङ १ का खांणले विहिबार ४० औं पटक रक्तदान गरेका छन्। राजनीति तथा समाजसेवामा सक्रिय खांणले अहिलेसम्म ४०औं पटक रक्तदान गरेको बताए। रगतको अभावमा कोही नागरिकले ज्यान गुमाउन नपरोस भन्दै हरेक बर्ष राष्ट्रिय युवासंघ स्याङ्जाले रक्तदान गर्दै आएको छ। कम्युनिष्ट पार्टीका संस्थापक महासचिव श्रेष्ठको स्मृति दिवसका अवसरमा युवा संघले आयोजना गरेको रक्तदानले रगत अभावमा जिवन र मृत्युसंग लडिरहेकाहरुका लागी जिवनदान हुने नेकपा एमाले केन्द्रीय कमिटी सदस्य एंव जिल्ला इन्चार्ज सिता सुन्दासले बताईन्। उनले पुष्पलालको ऐतिहासिक भुमिका र योगदानप्रति नेपाली समाजले कहिल्यै नभुल्नेमा जोड दिदै पुष्पलालले देखाएको मार्गमा कम्युनिष्ट पार्टी हिड्नुपर्ने बताइन्। कार्यक्रममा नेकपा एमालेका जिल्ला अध्यक्ष सुर्यप्रसाद गैह्रे पारस, राष्ट्रिय प्रतिनिधि परिषद सदस्य एवं गण्डकी प्रदेशका विधायन समितिका सभापति मोहन रेग्मी, राष्ट्रिय प्रतिनिधि परिषद सदस्य एवं पुर्व जिविस सभापति रामबहादुर थापा, एमाले जिल्ला उपाध्यक्ष उदय श्रेष्ठ, युवा संघका केन्द्रिय सचिव महेन्द्रकुमार गुरुङ, अनुशासन आयोगका केन्द्रिय कमिटिका अध्यक्ष भरत गोदार, राष्ट्रिय युवा संघका केन्द्रिय सचिवालय सदस्य एवं जिल्ला ईन्चार्ज दामोदर तिवारीलगायतले बोलेका थिए। राष्ट्रिय युवा संघ जिल्ला अध्यक्ष तिलबहादुर सेन पारसको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत केन्द्रिय सदस्य शुसिल खनाल, सञ्चालन जिल्ला सहसंयोजक किसान श्रेष्ठले गरेका थिए। रामेछापको भँगेरीमा विक्रम संवत १९८१ असार १५ गते जन्मिएका पुष्पलालले २००६ साल वैशाख १० गते नेपाल कम्युनिष्ट पार्टी स्थापना गरेका थिए। नेपालको वाम प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका पुष्पलालको २०३५ साल साउन ७ गते भारत प्रवासमा रहेको बेला निधन भएको थियो।

# मध्यपहाडी राजमार्ग र कालिगण्डकी करिडोर अवरुद्ध

पोखरापत्र संवाददाता
बागलुङ, ७ साउन

निरन्तरको वर्षातका कारण बागलुङ जिल्लाका दुई राष्ट्रिय गौरवको आयोजनाका सडक अवरुद्ध भएको छ।

मध्यपहाडी राजमार्गको बागलुङ नगरपालिका-३ बोक्से र कालिगण्डकी करिडोरको बागलुङ नगरपालिका-१३ गलुवामा सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक इकवाल हवारीले जनाएको छ। आज बिहानैदेखि दुईवटै सडक अवरुद्ध भएको हो। कालिगण्डकी करिडोर १८ दिन अवरुद्ध भएपछि तीन दिनअघि मात्रै सञ्चालनमा आएको थियो। वर्षासँगै आएको लेदोले मध्यपहाडीको बोक्सेमा सडक अवरुद्ध हुँदा सिगाना जाने वैकल्पिक सडक प्रयोग गरेर यात्रुलाई गन्तव्यमा पठाइएको छ।

लोकमार्ग एकतर्फी खुलाउने प्रयास भइरहेपनि सडकमा लेदो खस्ने काम रोकिएको छैन। मध्यपहाडी लोकमार्ग आयोजना कार्यालय पर्वतका इञ्जिनीयर उज्जल शर्माले अवरुद्ध सडक खुलाउन बिहानैदेखि औजार खटाइएको जानकारी दिनुभयो। उहाँले तत्कालै एकतर्फी सडक खुलाउने गरी काम अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो।


## मध्यपहाडी राजमार्ग र कालिगण्डकी करिडोर अवरुद्ध

पोखरापत्र संवाददाता
बागलुङ, ७ साउन

निरन्तरको वर्षातका कारण बागलुङ जिल्लाका दुई राष्ट्रिय गौरवको आयोजनाका सडक अवरुद्ध भएको छ।

मध्यपहाडी राजमार्गको बागलुङ नगरपालिका-३ बोक्से र कालिगण्डकी करिडोरको बागलुङ नगरपालिका-१३ गलुवामा सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक इकवाल हवारीले जनाएको छ। आज बिहानैदेखि दुईवटै सडक अवरुद्ध भएको हो। कालिगण्डकी करिडोर १८ दिन अवरुद्ध भएपछि तीन दिनअघि मात्रै सञ्चालनमा आएको थियो। वर्षासँगै आएको लेदोले मध्यपहाडीको बोक्सेमा सडक अवरुद्ध हुँदा सिगाना जाने वैकल्पिक सडक प्रयोग गरेर यात्रुलाई गन्तव्यमा पठाइएको छ। लोकमार्ग एकतर्फी खुलाउने प्रयास भइरहेपनि सडकमा लेदो खस्ने काम रोकिएको छैन। मध्यपहाडी लोकमार्ग आयोजना कार्यालय पर्वतका इञ्जिनीयर उज्जल शर्माले अवरुद्ध सडक खुलाउन बिहानैदेखि औजार खटाइएको जानकारी दिनुभयो। उहाँले तत्कालै एकतर्फी सडक खुलाउने गरी काम अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
हुलाक निर्देशनालय, पोखरा

**डाँक ढुवानीको लागि शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७८।०४।०८**

हुलाक निर्देशनालय पोखरा कास्कीले निर्धारण गरेको समयतालिका अनुसार देहायका प्याकेजहरुमा शिलबन्दी दरभाउपत्रको माध्यमबाट आ.ब. ०७८/०७९ को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तल उल्लेखित छुट्टाछुट्टै प्याकेजहरुको लागि प्रत्येक प्रखण्डहरुमा रुट ईजाजत प्राप्त कम्तीमा २ वटा चार पाङ्गे सवारी साधन वा सो भन्दा ठुला सवारी साधन भएका ईच्छुक फर्म, कम्पनी र ब्याक्तिहरुबाट निम्नानुसारको शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र आह्वानको १५ दिने सूचना प्रकाशित गरिएको छ।

**डाँक ढुवानीका प्रखण्डहरु :**

**प्याकेज ०१/०७८/०७९ (बागलुङ - पोखरा - मुग्लिन प्रखण्डहरु)**

| क्र.स. | डाँक ढुवानी प्रखण्डहरु | कैफियत |
|---|---|---|
| १ | पोखरा - मुग्लिन प्रखण्ड<br>आबुखैरेनी - गोरखा प्रखण्ड | सो बाटो खण्डमा पर्ने हुलाक कार्यालयहरु समेत |
| २ | डुम्रे- लमजुङ प्रखण्ड | सो बाटो खण्डमा पर्ने हुलाक कार्यालयहरु समेत |
| ३ | पोखरा - बागलुङ प्रखण्ड | सो बाटो खण्डमा पर्ने हुलाक कार्यालयहरु समेत |

**प्याकेज ०२/०७८/०७९ (पश्चिम प्रखण्डहरु)**

| क्र.स. | डाँक ढुवानी प्रखण्डहरु | कैफियत |
|---|---|---|
| १ | पोखरा - भैरहवा प्रखण्ड | सो बाटो खण्डमा पर्ने हुलाक कार्यालयहरु समेत |
| २ | चन्दौटा - कृष्णनगर प्रखण्ड | सो बाटो खण्डमा पर्ने हुलाक कार्यालयहरु समेत |
| ३ | बुटवल - अर्घाखाँची प्रखण्ड | सो बाटो खण्डमा पर्ने हुलाक कार्यालयहरु समेत |
| ४ | गोरुसिङ्गे- अर्घाखाँची प्रखण्ड | सो बाटो खण्डमा पर्ने हुलाक कार्यालयहरु समेत |
| ५ | बर्तुन -पाल्पा -तम्घास प्रखण्ड | सो बाटो खण्डमा पर्ने हुलाक कार्यालयहरु समेत |
| ६ | पाल्पा - रामपुर प्रखण्ड | सो बाटो खण्डमा पर्ने हुलाक कार्यालयहरु समेत |
| ७ | पाल्पा - छहरा प्रखण्ड | सो बाटो खण्डमा पर्ने हुलाक कार्यालयहरु समेत |
| ८ | भैरहवा - लुम्बिनी - तौलिहवा प्रखण्ड | सो बाटो खण्डमा पर्ने हुलाक कार्यालयहरु समेत |

सूचनाको बिस्तृत जानकारीका लागि यस कार्यालयको
website: www.pokhara.postalservice.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ।